# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

प्रधान कार्यालय, भद्रकाली प्लाजा काठमाडौं

## जेष्ठता र कार्यसम्पादन मुल्याङ्कन द्वारा हुने बढुवाका लागि आवेदन फाराम भर्ने सूचना

**प्रकाशन मितिः २०८०।०९।२७**

यस कम्पनीमा रिक्त देहायका पदहरुमा जेष्ठता र कार्यसम्पादन मुल्याङ्कनद्वारा हुने बढुवाबाट पदपूर्ति गर्नु पर्ने भएकोले दरखास्त दिने अन्तिम मितिसम्म आवेदन दिने पदभन्दा एक तह मुनिको आफू बहाल रहेको सम्वन्धित सेवा समूह/उपसमूह अन्तरगतका पदमा कर्मचारी सेवा, शर्त र सुविधासम्वन्धी विनियमावली, २०७९ मा तोकिए अनुसारको सेवा अवधि र न्यूनतम् शैक्षिक योग्यता पुगेका उम्मेदवारहरूबाट मिति २०८०/१०/२७ गते सम्म खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रधान कार्यालय, मानव संशाधन विभागमा रीतपूर्वक दरखास्त फारम बुझाउनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिए बमोजिमको रीत नपुगी प्राप्त हुने दरखास्त माथि कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | ०१/०८०-८१ | वरिष्ठ अधिकृत | ७ | प्रशासन | प्रशासन | १ |
| २ | ०२/०८०-८१ | अधिकृत | ६ | प्रशासन | प्रशासन | २ |
| ३ | ०३/०८०-८१ | वरिष्ठ सहायक | ५ | प्रशासन | प्रशासन | २ |

**द्रष्टब्यः**

१. कर्मचारी सेवा, शर्त र सुविधासम्वन्धी विनियमावली, २०७९ को विनियम ३४ बमोजिमको योग्यता पुरा भएको र ३५ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ।

२. दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछिको कार्यलय खुलेको दिनमा पनि दरखास्त पेश गर्न सकिनेछ ।

३. दरखास्त फारममा उल्लेख भए बमोजिमका सम्पुर्ण विवरण भरी पेश गर्नु पर्नेछ ।

४. न्यूनतम सेवा अवधि पुगेका कार्यरत कर्मचारीले कम्पनीको वेभसाइट www.fmtc.org.np बाट बढुवाको फाराम download गरी फारम भरी आवश्यक कागजात सहित प्रधान कार्यलय मानव सशांधन विभागमा बुझाउनु पर्नेछ ।

५. उम्मेदवारले पेश गर्ने सम्पूर्ण कागजातहरू स्पष्ट र द्विविधा रहित हुनुपर्नेछ।

६. सूचनामा उल्लेखित म्यादभित्र दाखिला नभएका वा न्यूनतम शैक्षिक योग्यता नपुगेका वा तोकिएका अन्य विवरण नखुलेका वा तोकिएको दस्तुर नबुझाइएका वा रितपूर्वक पेश नभएका दरखास्त फारम स्वीकृत गरिने छैन ।

७. **परीक्षा दस्तुरः-** वरिष्ठ अधिकृत तह-७ र अधिकृत तह-६ का लागि रु १२००।-(एक हजार दुई सय) र वरिष्ठ सहायक तह-५ का लागि रु ८०० (आठ सय) बुझाउनु पर्नेछ । परीक्षा दस्तुर कुमारी वैंक लिमिटेडमा रहेको KHADHAYA BYABASTHA TATHA BYAPAR COMPANY LTD को चल्ति खाता नं. ०४३००४४७१६७००००१ मा जम्मा गरी सो को सक्कल भौचर पेश गर्नु पर्नेछ।

८. यो सूचनामा उल्लेख नभएको विषयको हकमा कम्पनीको विनियमावली बमोजिम हुनेछ ।

९. रीत नपुगी पेश भएका दरखास्त पदपूर्ति समितिले जुनसुकै बेला रद्द गर्न सक्नेछ ।

सदस्य सचिव

पदपूर्ति समिति

# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

प्रधान कार्यालय, भद्रकाली प्लाजा काठमाडौं

## कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाका लागि आवेदन फाराम भर्ने सूचना

**प्रकाशन मितिः २०८०।०९।२७**

यस कम्पनीमा रिक्त देहायका पदहरुमा कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाबाट पदपूर्ति गर्नु पर्ने भएकोले दरखास्त दिने अन्तिम मितिसम्म आवेदन दिने पदभन्दा एक तह मुनिको आफू बहाल रहेको सम्वन्धित सेवा समूह/उपसमूह अन्तरर्गतका पदमा कर्मचारी सेवा, शर्त र सुविधासम्वन्धी विनियमावली, २०७९ मा तोकिए अनुसारको सेवा अवधि र न्यूनतम् शैक्षिक योग्यता पुगेका उम्मेदवारहरूबाट मिति २०८०/१०/२७ गते सम्म खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रधान कार्यालय, मानव संशाधन विभागमा रीतपूर्वक दरखास्त फाराम बुझाउनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिए बमोजिमको रीत नपुगी प्राप्त हुने दरखास्त माथि कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | ०४/०८०-८१ | सहायक विभागीय प्रवन्धक | ८ | प्रशासन | प्रशासन | २ |
| २ | ०५/०८०-८१ | सहायक विभागीय प्रवन्धक (कम्युटर इन्जिनियर) | ८ | प्राविधिक | प्राविधिक | १ |
| ३ | ०६/०८०-८१ | वरिष्ठ अधिकृत (गुण नियन्त्रण) | ७ | प्राविधिक | प्राविधिक | १ |
| ४ | ०७/०८०-८१ | वरिष्ठ अधिकृत | ७ | प्रशासन | प्रशासन | ५ |
| ५ | ०८/०८०-८१ | अधिकृत | ६ | प्रशासन | प्रशासन | २ |
| ६ | ०९/०८०-८१ | अधिकृत (गुण नियन्त्रण) | ६ | प्राविधिक | प्राविधिक | १ |
| ७ | १०/०८०-८१ | वरिष्ठ सहायक | ५ | प्रशासन | प्रशासन | ३ |

**द्रष्टब्यः**

१. कर्मचारी सेवा, शर्त र सुविधासम्वन्धी विनियमावली, २०७९ को विनियम ३४ वमोजिमको योग्यता पूरा भएको र ३५ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ।

२. दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछिको कार्यलय खुलेको दिनमा पनि दरखास्त पेश गर्न सकिनेछ ।

३. दरखास्त फारममा उल्लेख भए बमोजिमका सम्पुर्ण विवरण भरी पेश गर्नु पर्नेछ ।

४. न्यूनतम सेवा अवधि पुगेका कार्यरत कर्मचारीले कम्पनीको वेभसाइट www.fmtc.org.np बाट बढुवाको फाराम download गरी फारम भरी आवश्यक कागजात सहित प्रधान कार्यलय मानव सशांधन विभागमा बुझाउनु पर्नेछ ।

५. उम्मेदवारले पेश गर्ने सम्पूर्ण कागजातहरू स्पष्ट र द्विविधा रहित हुनुपर्नेछ।

६. सूचनामा उल्लेखित म्यादभित्र दाखिला नभएका वा न्यूनतम शैक्षिक योग्यता नपुगेका वा तोकिएका अन्य विवरण नखुलेका वा तोकिएको दस्तुर नबुझाइएका वा रितपूर्वक पेश नभएका दरखास्त फारम स्वीकृत गरिने छैन ।

७. **परीक्षा दस्तुरः**- सहायक विभागीय प्रवन्धक तह-८ को लागि रु २०००।-(दुई हजार) वरिष्ठ अधिकृत तह-७ र अधिकृत तह-६ को का लागि रु १२००।-(एक हजार दुई सय), वरिष्ठ सहायक तह-५ का लागि रु ८००।-(आठ सय) बुझाउनु पर्नेछ । परीक्षा दस्तुर कुमारी वैंक लिमिटेडमा रहेको KHADHAYA BYABASTHA TATHA BYAPAR COMPANY LTD को चल्ति खाता नं. ०४३००४४७१६७००००१ मा जम्मा गरी सो को सक्कल भौचर पेश गर्नु पर्नेछ।

८. यो सूचनामा उल्लेख नभएको विषयको हकमा कम्पनीको विनियमावली बमोजिम हुनेछ ।

९. रीत नपुगी पेश भएका दरखास्त पदपूर्ति समितिले जुनसुकै बेला रद्द गर्न सक्नेछ ।

सदस्य सचिव
पदपूर्ति समिति

# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

प्रधान कार्यालय, भद्रकाली प्लाजा काठमाडौं

## आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि आवेदन फाराम भर्ने सूचना

**प्रकाशन मितिः २०८०।०९।२७**

यस कम्पनीमा रिक्त रहेका देहायका पदहरुमा आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले दरखास्त दिने अन्तिम मितिसम्म आवेदन दिने पदभन्दा एक तह मुनिको आफू बहाल रहेको सम्वन्धित सेवा समूह/उपसमूह अन्तरर्गतका पदमा कर्मचारी सेवा, शर्त र सुविधासम्वन्धी विनियमावली, २०७९ मा तोकिए अनुसारको सेवा अवधि र न्यूनतम् शैक्षिक योग्यता पुगेका उम्मेदवारहरूबाट खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको वेभसाइट www.fmtc.org.np मा रहेको Online application मार्फत दरखास्त फाराम बुझाउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | ११/०८०-८१ | वरिष्ठ अधिकृत | ७ | प्रशासन | प्रशासन | ३ |
| २ | १२/०८०-८१ | अधिकृत | ६ | प्रशासन | प्रशासन | १ |
| ३ | १३/०८०-८१ | वरिष्ठ सहायक | ५ | प्रशासन | प्रशासन | ३ |

**द्रष्टब्यः**

१. दरखास्त दिने अन्तिम मितिः २०८०/१०/१८ सम्म र दोब्बर दस्तुर तिरी २०८०/१०/२५ सम्म बुझाउन सकिनेछ ।

२. कर्मचारी सेवा, शर्त र सुविधासम्वन्धी विनियमावली, २०७९ को विनियम ४४ बमोजिम योग्य भएको हुनुपर्नेछ।

३. लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ।

४. उम्मेदवारले न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रका साथै कर्मचारी संकेत नम्बर भरी स्थायी नियुक्ति पत्र अनिवार्य रूपमा अपलोड गर्नु पर्ने छ ।

६. उम्मेदवारले पेश गर्ने सम्पूर्ण कागजातहरु स्पष्ट र द्विविधारहित हुनुपर्नेछ।

७. परीक्षा दस्तुरः- तह-७ र तह-६ का लागि रु १२००/-(एक हजार दुई सय) तथा तह-५का लागि रु ८००/- (आठ सय) बुझाउनु पर्नेछ। दरखास्त फारम भरिसकेपछि Payment Tab मा गई तोकिएको Payment Mode मध्ये कुनै एक माध्यमबाट परीक्षा दस्तुर भुक्तानी गर्नु पर्नेछ।

८. सूचनामा उल्लेखित म्यादभित्र दाखिला नभएका वा न्यूनतम शैक्षिक योग्यता नपुगेका वा तोकिएका अन्य विवरण नखुलेका वा तोकिएको दस्तुर नबुझाएका वा रीतपूर्वक पेस नभएका दरखास्त फाराम स्वीकृत गरिने छैन ।

९. पाठ्यक्रम कम्पनीको वेभसाइटबाट प्राप्त गर्न सकिने छ ।

१०. यो सूचनामा उल्लेख नभएको विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

११. रीत नपुगी स्वीकृत भएको दरखास्त पदपूर्ति समितिले जुनसुकै बेला रद्द गर्न सक्नेछ ।

१२. लोक सेवा आयोगबाट निर्धारण भए बमोजिम परीक्षा मिति पछि प्रकाशन गरिनेछ ।

सदस्य सचिव
पदपूर्ति समिति

# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

प्रधान कार्यालय, भद्रकाली प्लाजा काठमाडौं

## खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको आवेदन फाराम भर्ने सूचना

**प्रकाशन मितिः- २०८०।०९।२७**

यस कम्पनीमा रिक्त रहेका देहायका पदहरुमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ।तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले कम्पनीको अनलाइन दरखास्त प्रणाली www.fmtc.org.np मार्फत आवेदन दिनुपर्नेछ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा | समुह | पद सङ्ख्या | खुला/ समावेशी | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| १ | १४/०८०-८१ | सह- विभागीय प्रवन्धक | ९ | प्रशासन | प्रशासन | ६ | खुला-२<br>महिला-१(पुनः)<br>आ.ज.-१(पुनः)<br>मधेशी-१(पुनः)<br>दलित-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संगठित सङ्घ, संस्था वा अन्तराष्ट्रिय सङ्घ संस्थाको अधिकृतस्तरको पदमा कम्तिमा ५ वर्षको कार्यानुभव<br>(बुदा नं.१४ मा उल्लेख भए अनुसार) |
| २ | १५/०८०-८१ | सहायक विभागीय प्रवन्धक | ८ | प्रशासन | प्रशासन | ३ | खुला-२<br>महिला-१ | |
| ३ | १६/०८०-८१ | वरिष्ठ अधिकृत | ७ | प्रशासन | प्रशासन | १ | दलित-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर वा सो सरह उत्तीर्ण |
| ४ | १७/०८०-८१ | वरिष्ठ अधिकृत | ७ | प्रशासन | कानुन | १ | महिला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुन विषयमा स्नातकोत्तर उत्तीर्ण |
| ५ | १८/०८०-८१ | अधिकृत | ६ | प्रशासन | प्रशासन | १२ | खुला-६<br>महिला-२<br>आ.ज.-१<br>मधेशी-२<br>पि.क्षे.-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण |
| ६ | १९/०८०-८१ | अधिकृत (गुण नियन्त्रण) | ६ | प्राविधिक | प्राविधिक | २ | खुला-१<br>महिला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वि.टेक (व्याचलर इन फुड टेक्नोलोजी) उत्तीर्ण |
| ७ | २०/०८०-८१ | वरिष्ठ सहायक | ५ | प्रशासन | प्रशासन | ९ | खुला-५<br>महिला-२<br>आ.ज.-१<br>मधेशी-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र तह / (१०+२) वा सो सरह उत्तीर्ण |
| ८ | २१/०८०-८१ | वरिष्ठ सहायक (गुण नियन्त्रण) | ५ | प्राविधिक | प्राविधिक | २ | खुला-१<br>महिला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट आई टेक (गुणस्तर) उत्तीर्ण |
| ९ | २२/०८०-८१ | वरिष्ठ सहायक (सब-इन्जिनियर) | ५ | प्राविधिक | प्राविधिक | २ | खुला-१<br>महिला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्गमा प्रमाण पत्र वा सो सरह उत्तीर्ण |
| १० | २३/०८०-८१ | सहायक | ४ | प्रशासन | प्रशासन | २२ | खुला-१२<br>महिला-४<br>आ.ज.-२<br>मधेशी-२<br>दलित-१<br>अपाङ्ग-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई मा कम्तिमा जि.पि.ए. २ ल्याई वा सो सरह उतिर्ण |

**<u>विज्ञापन सम्वन्धी विशेष सूचना</u>**

सम्मानित सर्वोच्च अदालतबाट रिट नं.०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९।१०।२४ मा भएको परमादेशको आदेश वमोजिम कानूनी व्यवस्था भए पश्चात सोही अनुसार पदपूर्ति गरिनेछ।

**<u>द्रष्टब्यः</u>**

१. **परीक्षाको किसिमः-** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता।

२. **दरखास्त दस्तुरः-** सह विभागीय प्रबन्धक तह-९ र सहायक विभागीय प्रबन्धक तह ८ का लागि दरखास्त दस्तुर रु २०००।-(दुई हजार) र त्यस पछिका थप प्रत्येक किसिम/समूहका लागि रु ६००।- (छ सय) थप दस्तुर बझाउनु पर्नेछ। वरिष्ठ अधिकृत तह-७ र तह-६ अधिकृतका लागि दरखास्त दस्तुर रु १२००।-(एक हजार दुई सय) बझाउनु पर्नेछ र त्यस पछिका थप

प्रत्येक किसिम/समूहका लागि रु ४००।- (चार सय) थप दस्तुर बझाउनु पर्नेछ। वरिष्ठ सहायक तह-५ का लागि दरखास्त दस्तुर रु ८००।-(आठ सय) र त्यस पछिका थप प्रत्येक किसिम/समूहका लागि रु ३००।- (तीन सय) थप दस्तुर बझाउनु पर्नेछ। सहायक तह-४ का लागि दरखास्त दस्तुर रु ७००।-(सात सय) र त्यस पछिका थप प्रत्येक किसिम/समूहका लागि रु ३००।- (तीन सय) थप दस्तुर बझाउनु पर्नेछ।

३. **दरखास्त दिने अन्तिम मितिः-** २०८०/१०/१८ गते सम्म र दोब्बर दस्तुर तिरी २०८०/१०/२५ गतेसम्म ।

४. **उम्मेदवारको उमेरको हदः-** तह-८ र ९ का लागि २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ। अधिकृत स्तर तह-६ र तह-७ को हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिला र अपाङ्गता उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ । सहायक तह-४ र तह-५ को हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिला र अपाङ्गता उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ । कम्पनीमा बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

५. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको कर्मचारी सेवा, शर्त सम्बन्धी विनियमावली, २०७९ बमोजिम उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।

६. उम्मेदवारहरुले दरखास्त फाराम भरि सकेपछि Payment Tab मा गई तोकिएको Payment Mode मध्ये कुनै एक माध्यमबाट दरखास्त बुझाउनु पर्नेछ ।

७. अनलाइन प्रणालिवाट दरखास्त बुझाउने प्रावधान रहेको हुँदा दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको अवस्थामा पनि सोही दिनभित्र अनिवार्य रुपमा तोकिएको दस्तुर सहित दरखास्त पेश गर्नु पर्नेछ ।

८. विज्ञापन रद्द भएको अवस्थामा बाहेक परीक्षा दस्तुर फिर्ता हुने छैन ।

९. **तलव भत्ता तथा अन्य सुविधाः-** कम्पनीको कर्मचारी सेवा, शर्त र सुविधा सम्वन्धी विनियमावली, २०७९ बमोजिम हुनेछ ।

१०. **काम गर्नुपर्ने स्थानः-** क) तह-४ र ५ मा नियुक्ति पाउने कर्मचारीहरुले कम्पनीका काठमाडौं उपत्यका बाहिरका प्रादेशिक कार्यालय अन्तरगतका शाखा र डिपो कार्यालयहरू ।

ख) तह-६ र ७ मा नियुक्ति पाउने कर्मचारीहरुले कम्पनीको शाखा तथा मुख्य शाखा कार्यालयहरु

ग) तह-८ र ९ मा नियुक्ति पाउने कर्मचारीहरुले कम्पनीको प्रधान कार्यलय र प्रादेशिक कार्यालयहरू

११. **पदले गर्नु पर्ने कामः-** सम्वन्धित पद, सेवा र समुहले गर्नु पर्ने कार्यहरु।

१२. **परीक्षणकालः-** पुरुष कर्मचारीको हकमा १ वर्ष र महिला कर्मचारीको हकमा ६ महिना।

१३. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, कार्यअनुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

१४. सह-विभागीय प्रबन्धक तह-९ र सहायक विभागीय प्रवन्धक तह-८ को कार्य अनुभवका लागि देहाय बमोजिमको निकायमा नियुक्ती भई सम्बन्धित क्षेत्रको अधिकृत स्तरमा गरेको कामको अनुभव पेश भएकोमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको आधारमा त्यस्तो सेवालाई मान्यता दिइनेछः

क) निजामति तथा अन्य सरकारी निकाय

ख) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित संगठित संस्था

ग) विकास समिति ऐन,२०१३ बमोजिम गठित विकास समिति

घ) ऐनद्वारा स्थापित संस्था वा निकाय

ङ) संयुक्त राष्ट्र संघ, यसका अंग तथा विशिष्टीकृत निकाय

च) अन्तरसरकारी अन्तर्राष्टिय संगठनहरू

छ) विश्वविद्यालयको आङ्गिक क्याम्पस

ज) सामुदायिक विद्यालय वा क्याम्पस

- ✓ खण्ड (क) मा उल्लेख भए बाहेक राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था लगायतका अन्य निकायको अनुभव पेश गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्वन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृतस्तरका कर्मचारी भर्ना को प्रक्रिया, योग्यता, संगठन संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधि समेत पेश गर्नु पर्ने र त्यस्तो नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृत स्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ।
- ✓ सरकारी कर्मचारीले अन्य निकाय वा संगठित संस्थामा काम गरेको अनुभव पेस गरेमा नेपाल सरकारको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको विदा स्वीकृतिको पत्र संलग्न भएमा मात्र त्यस्तो अनुभवलाई मान्यता दिइनेछ।
- ✓ एउटै अवधिमा दुई वा सो भन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ ।
- ✓ प्रति हप्ता ४० घण्टाभन्दा कम समय काम गरेको अनुभव (आंशिक रुपमा काम गरेको) लाई मान्यता दिइनेछैन।
- ✓ नियुक्ति पत्र वा करारनामामा नै आंशिक रुपमा (पार्ट टाईम) काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन।
- ✓ तोकिएको न्यूनतम शौक्षक योग्यता हासिल गर्नु अघिको अधिकृतस्तरको अनुभवलाई मान्यता दिइने छैन।
- ✓ एक वर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन ।
- ✓ सहायकस्तरमा पदाधिकार रही अधिकृतस्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइने छैन ।

१५. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१६. समावेशी तर्फको दरखास्त बुझाउने उम्मेदवारले समावेशी समूह खुल्ने कागजात अनिवार्य पेश गर्नु पर्नेछ ।

१७. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेखित भए बमोजिमको विवरण खुलाउनु पर्नेछ।

१८. पदपूर्ति समितिको सूचनामा उल्लेखित म्याद भित्र दाखिला नभएको वा न्यूनतम शैक्षिक योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको वा रितपूर्वक नभएको दरखास्त स्वीकृत गरिने छैन ।

१९. यस सूचनामा उल्लेख नभएका विषयहरुको हकमा कम्पनीको कर्मचारी सेवा, शर्त र सुविधा सम्वन्धी विनियमावली, २०७९ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

२०. **समावेशी समुहतर्फ दरखास्त दिने उम्मेदवारहरुकालागि आवश्यक पर्ने थप कागजातहरूः-**

क) आदिवासी जनजातिका हकमाः नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचिको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएका कागजात।

ख) दलितका हकमाः राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएका कागजात।

ग) अपाङ्गका हकमाः समाज कल्याण परिषदबाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र।

घ) मधेशीको हकमाः नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएका कागजात।

ङ) पिछडिएको क्षेत्रको हकमाः कम्पनीको विनियमावलिको विनियम ९ को उविनियम (६) को स्पष्टिकरण खण्ड (अ) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्वन्धित गाँउपालिका वा नगरपालिकाबाट हाल सम्म स्थायी बसोबास भएको भनि कम्तिमा तीन महिना अघि प्रमाणित गरेको कागजातको आधारमा ।

२१. **Online प्रणालीबाट दरखास्त दिंदा ध्यान दिनुपर्ने कुराहरुः-**

क) अपलोड गर्नुपर्ने कागजातः- उम्मेदवारको दुवै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो, नागरिकताको प्रमाण-पत्र, समावेशी समूहको हकमा समावेशी प्रमाण-पत्र, शैक्षिक योग्यता (न्युनतम शैक्षिक योग्यता मात्र) तालिम, अनुभव, चारीत्रिक प्रमाण-पत्र, विदेशी शिक्षण संस्थाबाट जारी भएको प्रमाणपत्र पेश गर्ने उम्मेदवारहरुको हकमा समकक्षता तथा सम्वन्धित विज्ञापनका लागि तोकिएको अन्य कागजातहरु (दरखास्त दिने अन्तिम मितिसम्म जारी भएको हुनुपर्ने) अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा अपलोड गर्नुपर्नेछ ।

२२. रीत नपुगी स्वीकृत भएको दरखास्त पदपुर्ति समितिले जुनसुकै वेला रद्द गर्न सक्ने छ।

२३. पाठ्यक्रम कम्पनीको Website (www.fmtc.gopv.np) बाट प्राप्त गर्न सकिने छ ।

२४. विज्ञापनसंग सम्वन्धित जानकारीका लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रधान कार्यालय भद्रकाली प्लाजा, काठमाडौंको फोन नः ०१५३५५४३४, ०१५३५५८९१ र ९८५१३५८५४८ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।

सदस्य सचिव

पदपूर्ति समिति